फोन: ०१०-५२०१३३
फ्याक्स नं.: ०१०-५२०२७७
ई-मेल:daodhading@moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, धादिङ
(प्रशासन शाखा)

प.सं. :- ०७९/८०

४ च.नं. :-

मितिः- २०७९/१०/०७

# सूचना !!

गृह मन्त्रालयको निर्देशन समेतको आधारमा मिति २०७९/१०/०९ गतेदेखि यस कार्यालयबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा परीक्षणको रुपमा टाइम कार्ड/समय निर्धारण पद्धति लागू गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कृष्ण प्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
राष्ट्रिय परिचयपत्र शाखा
धादिङ्ग

फोन: ०१०-५२०१२१, ०१०-५२०१३३
फ्याक्स: ०१०-५२०२७७
ईमेल: daodhading@moha.gov.np
वेभसाइट: www.daodhading.moha.gov.np

पत्र संख्या :- ०७९/८०
चलानीनम्बर :-
प्राप्तपत्र संख्या र मिति :

बागमती प्रदेश
नीलकण्ठ, धादिङ्ग

## राष्ट्रिय परिचयपत्रको Time Card प्रणाली ।

- बिहान १० बजेआवश्यक कागजात जाँच गरीTime Card वितरण गरिनेछ ।
- Time Card प्राप्त गर्न सेवाग्राहीहरूले बिहानैदेखि लाईन बस्नु पर्नेछैन ।
- दैनिक स्टेशन चलेअनुसार एउटा स्टेशन बराबर ५५ जना सेवाग्राहीहरूलाई राष्ट्रिय परिचयपत्रको Time Card वितरण गरिनेछ ।
- खाजा खाने समय दिउँसो २ बजेदेखि ३ बजेसम्म १५ जना सेवाग्राहीलाई मात्र सेवा प्रदान गरिनेछ ।
- Time Card वितरण गर्दा स्वयं व्यक्ति बाहेक अन्यलाई दिइनेछैन ।

## राष्ट्रिय परिचयपत्रको अत्यन्त जरूरी सूचना!!!

राष्ट्रिय परिचयपत्र शाखामा अत्यन्त भिड भएको र सेवाग्राहीहरूको अत्याधिक गुनासो आएकाले सेवालाई चुस्त दुरूस्त बनाउनका लागि Time Card लागू गरिएको छ । Time Card वितरण प्रणाली देहायबमोजिम हुनेछ ।

१. सेवाग्राहीहरूको सम्पूर्ण कागजपत्रहरू मिलेको हुनुपर्नेछ ।

**कागजपत्रहरू:**

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र (अनिवार्य)
- नागरिकतामा स्टिकरलागू भैसकेपछिको नागरिकताको हकमा स्टिकर हुनुपर्ने,
- नागरिकतामा जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने कागजपत्र ल्याउने, (मिति नखुलेको हकमा जारी मितिलाई आधार मानिनेछ । )
- बसाईसराई गरेको हकमा बसाईसराई प्रमाणपत्र (सक्कल)
- विवाहितको हकमा विवाह दर्ता, विवाह दर्ता नभएको हकमा नाता प्रमाणित खुल्ने कुनै कागजपत्र जस्तैः श्रीमतीको नागरिकतामा नाम खुलेको भए श्रीमतीको नागरिकता, श्रीमतीको नागरिकता नभए छोराछोरीको नागरिकतामा बाबु आमाको नाम खुलेको भए सो ल्याउने, सो पनि नभए राहदानी वा पेन्सन पट्टामा नाम खुलेको भए सो कागजातलाई पनि मान्यता दिइने ।

२. कुनै पनि फोटोकपीलाई मान्यता दिइने छैन ।

३. रीत नपुगेका कागजात भएका सेवाग्राहीहरूलाई Time Card वितरण गरिने छैन ।

४. प्राविधिक समस्या वा Central Server मा समस्या भएको बेलामा सोही अनुसार सेवा प्रवाह गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी

<u>प्रतिलिपी नागरिकताको लागि</u>

१. विहान १० वजेदेखि १०:१५ वजेसम्म आवश्यक कागजात जाँच गरिने।
२. १० बजेदेखि ११ बजेसम्म -१० जनाको लागि नागरिकता प्रदान गर्ने ।
३. ११ बजेदेखि १२ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
४. १२ बजेदेखि १ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
५. १ बजेदेखि २ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
६. २:३० बजेदेखि ३ बजेसम्म -१० जनाको लागि नागरिकता प्रदान गर्ने ।

**(२ बजेदेखि ३ बजेसम्म खाजा समय)**

७. ३ बजेदेखि ४ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।

* सम्पुर्ण कागजात (सक्कल र फोटोकपि) ल्याइ रित पुगेको अवस्थामा मात्र टाइम कार्ड प्राप्त गर्न सकिने छ ।
* टाइम कार्ड प्राप्त गरिसकेको सेवाग्राहीको हकमा ढड्डामा अभिलेख नभिडेको वा नभेटिएको अवस्था वा आवश्यक कागजात नपुग भएमा यो समय लागु हुने छैन ।
* कार्यालयमा उपलब्ध जनशक्तिको विशेष कारणवश अनुपस्थित रहेमा उल्लेखित सेवा प्रवाहको संख्यामा हेरफेर हुन सक्ने छ ।
* प्राविधिक समस्याका कारण सेवा अवरुद्ध भएमा सेवा सुचारु भए पश्चात क्रमशः सेवा प्रवाह गरिने ।
* जेष्ठ नागरिक, अशक्त र शिशु साथमा भएका सेवाग्राहीहरुलाइ प्राथमिकता दिइने ।

# नयाँ नागरिकताको लागि

१. विहान ९:३० वजेदेखि १०:१५ वजेसम्म आवश्यक कागजात जाँच गरिने।
२. १० बजेदेखि ११ बजेसम्म -१० जनाको लागि नागरिकता प्रदान गर्ने ।
३. ११ बजेदेखि १२ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
४. १२ बजेदेखि १ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
५. १ बजेदेखि २ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।
६. २:३० बजेदेखि ३ बजेसम्म -१० जनाको लागि नागरिकता प्रदान गर्ने ।

**(२ बजेदेखि २:३० बजेसम्म खाजा समय)**

७. ३ बजेदेखि ४ बजेसम्म -१५ जनाको लागि नागरिकता प्रदान गर्ने ।

* सम्पुर्ण कागजात (सक्कल र फोटोकपि) ल्याइ रित पुगेको अवस्थामा मात्र टाइम कार्ड प्राप्त गर्न सकिने छ ।
* टाइम कार्ड प्राप्त गरिसकेको सेवाग्राहीको हकमा रित नपुगी आएको वा आवश्यक कागजात नपुग भएमा यो समय लागु हुने छैन ।
* कार्यालयमा उपलब्ध जनशक्तिको विशेष कारणवश अनुपस्थित रहेमा उल्लेखित सेवा प्रवाहको संख्यामा हेरफेर हुन सक्ने छ ।
* प्राविधिक समस्याका कारण सेवा अवरुद्ध भएमा सेवा सुचारु भए पश्चात क्रमशः सेवा प्रवाह गरिने ।
* जेष्ठ नागरिक, अशक्त र शिशु साथमा भएका सेवाग्राहीहरुलाइ प्राथमिकता दिइने ।

... प्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी

## लेखा शाखा तर्फ

| सि. न. | कार्यको विवरण | सेवा प्राप्त गर्न लाग्ने समय | आवश्यक प्रक्रिया तथा शर्त | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी दुर्घटना क्षतिपूर्ति | ३० मिनेट | सेवा प्राप्त गर्नका लागी तोकीएका मापदण्ड, कागजात तथा आवश्यक प्रक्रीया पुरा गरेपछी तोकीएको समयमा सेवा प्राप्त गर्न सकिने । | |
| २ | विपद् राहत | ३० मिनेट | | |
| ३ | बैदेशिक मृत्यु क्षतिपूर्ति | ३० मिनेट | | |
| ४ | धरौटी फिर्ता | ३० मिनेट | | |
| ५ | मुआब्जा | ३० मिनेट | | |
| ६ | सामाजिक सुरक्षा भत्ता (जिवन निर्वाह भत्ता) | ३० मिनेट | | |
| ७ | कार्यालयबाट गरिने अन्य भुक्तानी | ३० मिनेट | | |
| ८ | विवरण उपलब्ध गराउने | विवरण उपलब्ध १ घण्टा देखी विषय बस्तुको कार्य प्रकृति अनुसार | | |

कृष्ण प्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी

मुद्दा शाखाबाट प्रवाह हुने सेवाहरु र आवश्यक कागज प्रमाण पुगेपछि काम हुन लाग्ने समय

१. मुद्दा दर्ता-बयान-आदेश लगायतको कागजातहरु तयार गर्नः २ घण्टा

२. दर्ता भएको मुद्दाहरुको अंग पुर्याउन आवश्यक कार्यहरु गर्नः २ महिना

३. पेशी तोकिएको दिनको मुद्दा फैसलाः १ घण्टा

४. सवारी ज्यान क्षतिपुर्ती नगदै बुझाउनः १ घण्टा

५. सवारी ज्यान क्षतिपुर्ति रकम खातामा जम्मा गरी पत्र तयार गर्नः ३० मिनेट

६. ठाडो उजुरीः ३० मिनेट

७. सुत्केरी उद्धारको लागि हेली उडान सम्वन्धी पत्रः १० मिनेट (जुनसुकै समयमा पनि गरिने)

८. म्याद थप गर्नः ३० मिनेट

९. नियमित तारेखमा उपस्थित भई तारेख लिनः  ३० मिनेट

१०. मुद्दा सम्वन्धी विवरण खुलाई पठाउन पत्र तयार गर्नः १ घण्टा

११. फैसलाको पुर्णपाठ तयार गर्नः १ महिना

(सृजना श्रेष्ठ,खरिदार)

कृष्ण प्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी

## राहदानी शाखा:-

क) सोही दिन पालो परेका (Appointment Date भएका) सेवा ग्राहीहरु र अघिल्लो दिनहरुमा पालो परि Enrollment भएका Reject भएर आएका सेवाग्राहीहरुलाई **White Color** को Time Card मार्फत सेवा प्रदान गरिने ।

ख) अघिल्ला मितिहरुमा पालो परेका सेवाग्राहीहरु ( Appointment Date १५ दिन नकटेकाहरु ) को बुदाँ नं. क, बमोजिमका सेवाग्राहीको पालो सकिएपछि मात्र **Blue Color** को Time Card मार्फत सेवा प्रदान गरिने ।

ग) उल्लिखित बुदाँ नं. क र ख बमोजिमका सेवाग्राहीहरुलाई प्रतिघण्टा १२ जनाको दरले Time Card बमोजिम सेवा प्रदान गरिने ।

घ) बिहान १० देखि ११ बजे सम्म Verification र वितरण, ११ बजे देखि ४ बजे सम्म Enrollment गरिने ।

ङ) ७० वर्ष माथिका बृद्ध, अशक्त, नाबालक र शिशु साथमा भएका सेवाग्राहीहरुलाई प्राथमिकता दिइने ।

च) प्राविधिक तथा Central Sever Problem का कारण सेवा अवरुद्ध भएमा सेवा सुचारु भए पश्चात क्रमश: सेवा प्रवाह गरिने ।

कृष्ण प्रसाद लम्साल
प्रमुख जिल्ला अधिकारी